नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :
च. नं. :

साथीहरू,

आज हामी सबै COVID-19 को महामारी (pandemic) को बिरुद्ध एक जुट भएका छौं। COVID-19 को संक्रमणको जोखिमबाट सुरक्षित रहन नेपाल सरकारले गत चैत्र ११ गते देखिनै LOCK DOWN लागु गरेको छ। सम्पूर्ण देश LOCK DOWN को अवस्थामा रहेपनि जल तथा मौसम विज्ञान विभागले आफ्नो महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहेको सवैमा विदितै छ। विपद्‌बाट हुने जनधनको क्षति न्यूनिकरणमा मौसम तथा वाढी पूर्वानुमान सेवाको उल्लेखनिय भूमिका रहेको छ। नियमित हवाई उडान नभएपनि ICAO को मापदण्ड बमोजिम हवाई मौसम तथा दैनिक मौसम पूर्वानुमान, चेतावनी, सूचना तथा जानकारीहरु पूर्ववत नै प्रदान गरिरहेका छौं। WMO तथा ICAO को तथ्याङ्क संजाल मार्फत मौसम सम्बन्धि तथ्याङ्क, रिपोर्टहरु नियमित रुपले संप्रेशण गर्ने कार्य समेत निरन्तर जारी छ। यस प्रकारको विशिष्ट कार्यका लागी COVID-19 को संक्रमणको जोखिम बाबजुद पनि नियमित रूपमा घर र कार्यालय आउने गरी त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल परिसरको मौसम पूर्वानुमान महाशाखामा Operational duty मा रहि २४ सै घण्टा कार्य सम्पादन तथा सेवा प्रवाह गरिरहनुभएकोमा म यहाँहरुलाई धन्यवाद दिन चाहन्छु।

त्यसैगरी यस्तो कठिन परिस्थितिमा पनि वाढी पूर्वानुमान महाशाखाले अगामी मनसुनको पूर्व तयारीका लागी डाटा प्रशोधनको कार्यलाई निरन्तरता दिई रहनु भएकोमा तथा वाढी सम्बन्धि सूचनाहरू अध्यावधी गरी रहनु भएकोमा म अभार ब्यक्त गर्न चाहन्छु। पूर्वानुमानको आधार भनेको अवलोकन हो। देशभर रहेका सिनप तथा एरोसिनप केन्द्रहरुले LOCK DOWN को अवस्थामा समेत प्रत्येक तीन घण्टामा मौसम अवलोकन गर्ने कार्यलाई नियमितता दिंदै आएका छन्। त्यसैगरी, जल विज्ञान र सेडिमेन्ट केन्द्रहरुमा जल मापन तथा सेडिमेन्ट सम्बन्धि कार्यहरुलाई निरन्तरता दिंदै आइरहनु भएको छ। यसको साथै, देशभर छरिएर रहेका करिव १००० वटा जल तथा मौसम केन्द्रमा रहेका Part time observer/Gauge reader हरुले समेत सदा झै जल/मौसम सम्बन्धि मापन कार्य गर्दै आईरहनुभएको छ। यी सबै कार्यहरुलाई धरान, पोखरा, भैरहवा र सुर्खेतमा रहेका जल तथा मौसम कार्यालयहरुले व्यवस्थापन गर्दै आइरहनुभएको छ। उल्लेखित कार्यहरुमा संलग्न हुनु भएका सबै स्थायी र part time कर्मचारीहरुलाई विभागको तर्फबाट म धन्यवाद दिन चाहन्छु।

यो चट्याङ र हावाहुरि को समय हो। एक महिना पश्चात् नेपालमा मनसुन शुरु हुने छ र सो अवधीमा बाढि र पहिरोको जोखिम पनि उत्तिकै हुने गर्दछ। त्यसैले यस विभागको चट्यांग संजाल तथा जल/मौसम केन्द्रहरुको मर्मत गरी दुरूस्त राख्न LOCK DOWN को अवधिमा समेत फिल्डमा खटिनुभएका कर्मचारीहरुको योगदानको उच्च कदर गर्दै उहाँहरुलाई धन्यवाद दिन चाहन्छु। यसका साथै, सुर्खेत, रातानाङ्गलामा रहेको मौसम राडारलाई संचालनमा ल्याउन अनवरत रूपमा लाग्नु हुने सबै कर्मचारीहरुलाई धन्यवाद छ।

साथै आ. व. २०७७/७८ को बार्षिक कार्यक्रम योजना तयार गर्न ताल्लुक मन्त्रालय, अर्थ मन्त्रालय लगायतसंग छलफल गर्ने कार्यलाई हालको LOCK DOWN को अवस्थामा समेत घर तथा कार्यालयमा रहि नियमित कार्य सम्पादन भैरहेको छ। त्यस्तै गरि खरिद र मूल्यांकन सम्बन्धि कार्यहरुको समेत व्यवस्थापन भैरहेको छ। यसका साथै भण्डार, आ.प्र., का.स., ह.स.चा. लगायतका कर्मचारी साथीहरू तथा घर तथा कार्यालयमा रहि विभिन्न शाखाहरुमा सम्पादन नगरि नहुने कार्यहरुलाई कुशलतापूर्वक सम्पन्न गर्न संलग्न सबै कर्मचारीहरुलाई धन्यवाद छ।

विभागको जिम्मेवारिलाई LOCK DOWN को विषम परिस्थितिमा समेत सुचारू राख्न सफल भएकोमा यस विभागले गर्वको महशुस गरेको छ। यो तपाँईहरू सबैको साहस र मेहनतको परिणाम हो। अन्यथा, यस्तो विषम परिस्थितिमा यस विभागका कार्यहरू अगाडि बढाउन सम्भव रहंदैन। देशमा संकट परेको यस अवस्थामा समेत विभागले यहाँहरुको सहयोग र साथ पाईरहनेमा म विश्वस्त छु।

अन्तमा, तपाँईहरुको सम्पूर्ण परिवारलाई COVID-19 विरुद्दको लडाईमा यस रोगबाट मुक्त रहि जित हासिल गर्न सकियोस भन्ने शुभकामना दिन चाहन्छु।

धन्यवाद।

महानिर्देशक

ववरमहल, काठमाडौं ☎ ०१४२१९०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१, फ्याक्स: ०१४२६४२१९, पो.व.नं. ४०६
ईमेल: info@dhm.gov.np, वेब: www.dhm.gov.np